सैनामैना नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १) सैनामैना, चैत्र महिना ०५ गते, २०७४ साल (संख्या ७

## भाग- २
## सैनामैना नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम सैनामैना नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सैनामैना नगरपालिकाको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन कार्यविधि, २०७४

**प्रस्तावना :** सैनामैना नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने आर्थिक तथा सामाजिक रुपले पछाडि परेका महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, पिछडावर्ग, अपाङ्ग तथा खस आर्यहरूलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको माध्यमबाट रोजगार तथा स्वरोजगार बनाउने, असल नागरिक बनाउन अभिप्रेरित गर्ने र उनिहरूलाई हरेक क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गरी राज्यको मूल प्रवाहमा ल्याउन वाञ्छनीय भएकोले स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) तथा केही कानून तर्जूमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सैनामैना नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “सैनामैना नगरपालिकाको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन कार्यविधि, २०७४” रहेको छ ।

(२) यो कार्यविधि सैनामैना नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क “नगरपालिका'' भन्नाले सैनामैना नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) ''कार्यपालिका'' भन्नाले नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) ''नगरसभा'' भन्नाले सैनामैना नगरपालिकाको नगरसभा सम्झनुपर्छ ।

(घ) ''प्रमुख'' भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) ''प्रमुख प्रशासकीय अधिकृत'' भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) ''व्यवस्थापन समिति'' भन्नाले दफा ६ बमोजिम गठन हुने व्यवस्थापन समिति सम्झनु पर्छ ।

(छ) “प्राविधिक विद्यालय” भन्नाले नेपाल सरकारबाट स्वीकृत प्राप्त प्राविधिक विद्यालयलाई जनाउँछ र सो शब्दले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त गरी सञ्चालनमा रहेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सञ्चालित शिक्षालय तथा सोबाट मान्यता प्राप्त प्राविधिक शिक्षालय तथा अन्य तालिम केन्द्रलाई समेत जनाउँछ ।

(ज) ''छनौट समिति'' भन्नाले दफा ८ बमोजिम गठन हुने छनोट समितिलाई सम्झनु पर्छ ।

(झ) ''शुल्क'' भन्नाले तालिम प्रदान गर्ने संस्था वा शिक्षालयले नियम बमोजिम प्रशिक्षार्थी सँग लिने शुल्क सम्झनुपर्छ र सो शब्दले लागत सहभागिताको आधारमा तालिम प्राप्त गर्ने उमेदवारले नगरपालिकाको कोषमा राखेको रकम वा नगरपालिकाबाट तालिम प्रदान गर्ने संस्थालाई उपलब्ध गराएको रकम समेतलाई सम्झनु पर्छ ।

(ञ) ''तालिम '' भन्नाले यस कार्यविधि बमोजिम लक्षित समुदायलाई प्रदान गरिने लामो तथा छोटो अवधिका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्झनु पर्छ ।

(ट) "शाखा " भन्नाले नगरपालिकाको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन तथा समन्वय गर्न तोकिएको शाखा वा इकाइ सम्झनुपर्छ ।

(ठ) "प्रशिक्षार्थी " भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने तालिमका सहभागीलाई जनाउँछ ।

(ड) "लक्षित समूह" भन्नाले नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने आर्थिक तथा सामाजिक रुपले पछाडि परेका महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, पिछडावर्ग, अपाङ्ग, खस आर्य, विपन्न र पहुँचमा आउन नसकेका वर्ग वा समुदायलाई सम्झनु पर्छ ।

(ढ) "छात्रवृत्ति कोष" भन्नाले दफा १६ बमोजिम स्थापित कोषलाई सम्झनु पर्छ ।

(ण) "तोकिएको वा तोकिए बमोजिम " भन्नाले नगर कार्यपालिका, प्रचलित नेपाल कानून र यस कार्यविधि बमोजिम तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ ।

**३. कार्यविधिको उद्देश्य :** कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

१. नगरपालिका क्षेत्रमा बसोबास गर्ने विपन्न र पहुँचमा आउन नसकेका वर्ग तथा समुदायलाई विभिन्न प्रकारका प्राविधिक शिक्षा तथा व्यावसायिक सीपमूलक तालिमहरू उपलब्ध गर्ने गराउने,

२. आयआर्जनको माध्यमबाट आत्मनिर्भर बनाई उनीहरूको जीवनस्तरमा सुधार ल्याउने,

३. बेरोजगारहरूलाई सीपमूलक तालिमको माध्यमबाट रोजगार र स्वरोजगार बनाउने,

४. बालबालिकालाई तालिम तथा अभिमुखीकरण कार्यक्रमद्वारा असल नागरिक बनाउन अभिप्रेरित गर्ने,

५. प्रशिक्षार्थीले प्राप्त गरेको ज्ञान, सीपको माध्यमबाट समृद्ध नगर निर्माणमा टेवा पुऱ्याउने ।

**४. कार्यहरू :** कार्यविधिको उद्देश्य पूरा गर्न देहाय बमोजिमको कार्य गरिनेछ :-

१. प्राविधिक शिक्षा तथा सीपमूलक तालिमहरू सञ्चालन गर्ने,

२. विभिन्न अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

३. नगरपालिका क्षेत्र भित्र सञ्चालित उद्योग, कल कारखाना, व्यावसायिक फर्महरूलाई आवश्यक पर्ने दक्ष जनशक्ति उपलब्ध हुनसक्ने वातावरणको सिर्जना गर्ने,

४. नगर क्षेत्रभित्र बसोवास गर्ने कुनैपनि नागरिकलाई स्वरोजगारको वातावरण दिलाउन अभिप्रेरित गर्ने ।

**५. प्राविधिक शिक्षा तथा सीपमूलक तालिमका विषय :** (१) यस कार्यविधि बमोजिम आवश्यकता अनुसार देहाय बमोजिमका लामो, मध्यम तथा छोटो अवधिका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरिनेछ ।

(क) लामो अवधिका प्राविधिक शिक्षा तथा तालिमका किसिम

१ मेकानिकल तालिम,
२. इलेक्ट्रिकल तालिम,
३. अटोमोवाइल तालिम,
४. कम्प्युटर तालिम,
५. व्युटिसियन तालिम,
६. सिलाइकटाइ तालिम,
७. जे.टि.ए. तालिम,
८. सिभिल इन्जिनियरिङ ।

(ख) छोटो अवधिका तालिमका किसिम

१ मेकानिकल तालिम,
२. इलेक्ट्रिकल तालिम,
३. अटोमोवाइल तालिम,
४. कम्प्युटर तालिम,
५. व्युटिसियन तालिम,
६. सिलाइकटाइ तालिम,
७. ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम,
८. विभिन्न लक्षित कार्यक्रम ।

(२) उपदफा (१) बमोजिमका तालिमको अतिरिक्त नगर क्षेत्रभित्र कृषिको व्यावसायिक खेती प्रणाली प्रवर्धन गरी आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न मध्यम स्तरीय आधारभूत सीपमूलक कृषि तथा पशु सेवा र यस्तै

प्रकृतिका अन्य तालिमको व्यवस्था नगरपालिकाले आवश्यकता र प्रभावकारिताको आधारमा नगर कार्यपालिकाबाट निर्णय अनुसार अन्य छोटो अवधिका अभिमुखीकरण वा तालिमहरू सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका लामो अवधिका तालिम अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको लागि न्यूनतम अठार महिनाको इन्जिनियरिङ, कृषि, पशु सेवा, स्वास्थ्य सेवा तथा अन्य यस्तै प्रकृतिका प्राविधिक विषयको अध्ययन वा तालिम नगरपालिकाले आवश्यकताको पहिचान गरी सञ्चालन गर्न सक्नेछ ।

**६. व्यवस्थापन समिति :**

(१) यस कार्यविधि बमोजिमका प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको व्यवस्थापन, समन्वय र सञ्चालन गर्न एक व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा तपसिलका पदाधिकारीहरू रहनेछन् ।

| | |
|---|---|
| (क) नगरप्रमुख | संयोजक |
| (ख) नगर कार्यपालिकाका सदस्यहरूमध्ये समावेशिताका आधारमा एक जना महिला सहित तीन जना | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) संयोजकले तोकेको सेवा सञ्चालन गर्ने निकायको विषय विज्ञ | सदस्य |
| (ङ) नगरपालिका स्थित उद्योग वाणिज्य संघ र व्यापार संघका अध्यक्ष | सदस्य |
| (च) सम्बन्धित शाखाको प्रमुख | सदस्य सचिव |

(३) उपदफा (२) बमोजिम गठित तालिम व्यवस्थापन समितिको बैठक भत्ता कार्यपालिकाको बैठक बस्दा उपलब्ध हुने बैठक सरह हुनेछ र अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. तालिम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) छात्रवृत्ति कोषमा मौज्दात रहेको बजेट समेतको विश्लेषण गरी प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने विषय र संख्या एकिन गरी नगर कार्यपालिकामा

पेस गर्ने ,

(ख) छात्रवृत्ति प्रदान गर्नका लागि विभिन्न तालिम सञ्चालन गर्ने निकायहरू तथा अन्य सरोकारवाला संस्थाहरू बीच आवश्यक समन्वय गर्ने ,

(ग) तालिम र छात्रवृत्तिलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

(घ) आफ्नै क्षमता तथा श्रोत विकास नभए सम्म नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त र प्रचलित कानून बमोजिम स्थापित संस्थासँग सहकार्य वा सम्झौता गरी तोकिएका तालिम सञ्चालन गर्ने ।

(ङ) यस कार्यविधिको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य कार्य गर्ने ।

**८. छनौट समिति :**

(१) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको लागि सहभागी छनौट गर्न तपसिल बमोजमको एक छनोट समिति रहनेछ ।

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख. | तालिम प्रदायक संस्थामध्ये नगरपालिकाले तोकेको सम्बन्धित विषयको विज्ञ | सदस्य |
| ग. | सम्बन्धित विषयगत शाखाको प्रमुख | सदस्य |
| घ. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ. | सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

(२) दफा ८ को उपदभा (१) बमोजिमको छनौट समितिको बैठक भत्ता र अन्य सुविधा संघीय लोक सेवा आयोगको मापदण्ड अनुसार हुनेछ ।

(३) यस कार्यविधिमा उल्लेख गरेका कार्यको अतिरिक्त समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

**९. अध्ययन वा तालिम सञ्चालनको लागि आवश्यक पूर्वाधार, क्षेत्र र स्थान :**

(१) यस कार्यविधिमा उल्लिखित उद्देश्य हासिल गर्न तत्काल नगरपालिकासँग गुणस्तरीय शिक्षाको प्रत्याभूति हुने प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम उपलब्ध गराउन सक्ने भौतिक पूर्वाधार र जनशक्ति नभएकोले नेपाल सरकारबाट मान्यता प्राप्त नगर क्षेत्र वा नगर क्षेत्रको निकटतम रहेका इन्स्टिच्यूट तथा नगर क्षेत्र भित्र अध्ययन वा तालिम सञ्चालन गर्ने अन्य संघ संस्थाहरूमा कार्यविधिमा उल्लिखित विषयवस्तुको आधारमा सरोकारवालासँग समन्वय गरी उक्त अध्ययन तथा तालिम उपलब्ध

गराइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको वा पूर्ण वा आंशिक अनुदानमा सञ्चालित मान्यता प्राप्त प्राविधिक शिक्षालयसँग प्रचलित कानूनको अधीनमा रही नगरपालिकाले सिधै सम्झौता गरी अध्ययन वा तालिम सञ्चालन गर्न सक्नेछ ।

**१०. अध्ययन वा तालिमको लागि आवश्यक योग्यता :**

(१) अध्ययन वा तालिमको लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछ ।

(क) नेपाली नागरिक भएको,

(ख) अध्ययन वा तालिममा सहभागी हुन कम्तीमा १६ वर्ष पूरा भई ४० वर्ष ननाघेको,

तर बालबालिकाको हकमा प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ,

(ग) नगरपालिका क्षेत्र भित्र स्थायी बसोवास (अन्यत्रबाट बसाइसराइ गरेकाको हकमा बसाइसराइ दर्ताको प्रमाणपत्र पेस गर्नु पर्नेछ ) गरेको,

(घ) तालिममा सहभागी हुन इच्छुक व्यक्तिको प्रचलित कानूनले तोकेको शैक्षिक योग्यता हासिल गरेको,

(ङ) कम्तीमा ८ कक्षा उत्तीर्ण भएको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(छ) कुनै कानूनले अयोग्य नभएको ।

(२) उपदफा (१) को खण्ड (ख), (घ) र (ङ) मा जुन कुरा लेखिएको भए तापनि अध्ययन वा तालिमको प्रकृति अनुसार सेवा प्रदान गर्ने प्राविधिक विद्यालयले छुट्टै शैक्षिक योग्यता र उमेर तोकेको भएमा सोही अनुसार हुनेछ ।

**११. उम्मेदवार छनौट सम्बन्धी व्यवस्था :**

(१) छनौट समितिले यस कार्यविधि बमोजिम सञ्चालन गरिने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र नगरपालिकाबाट उपलव्ध गराउने छात्रवृत्तिका लागि १५ दिनको म्याद दिई इच्छुक योग्य व्यक्तिबाट

दरखास्त आव्हान गरी स्थानीय स्तरको सञ्चार माध्यमबाट सूचना प्रकाशन तथा प्रसारणको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) तोकिएको म्याद भित्र तोकिएको संख्यामा दरखास्त नपरेमा वा विपत्का कारण तालिम सञ्चालन गर्न नसक्ने अवस्था परेमा समितिको सिफारिसमा नगरपालिकाले निर्णय गरी दरखास्त बुझाउने म्याद थप गर्न सक्नेछ ।

(३) उपदफा (२) मा उल्लिखित समयभित्र समेत तोकिएको संख्यामा रितपूर्वकको दरखास्त नपरेमा वा विपत्का घटना भएमा वा विशेष परिस्थितिमा नगर कार्यपालिकाको निर्णय बमोजिम अर्को व्यवस्था नभएसम्मको लागि सूचना दिई छनोटको प्रक्रिया रद्द गर्न वा स्थगन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनु पर्नेछ ।

(क) छात्रवृत्ति प्रदान गरिने विधा/ विषय वा तह, अवधि र समावेशिताको आधारमा संख्या,

(ख) दरखास्तको ढाँचा,

(ग) दरखास्त साथ संलग्न गर्नु पर्ने कागजात तथा विवरणहरू,

(घ) दरखास्त बुझाउनु पर्ने स्थान,

(ङ) समितिले आवश्यक ठानेका अन्य विषयहरू ।

(५) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम लिने व्यक्तिले सूचनामा तोकिएको अवधिभित्र अनुसूची -१ को ढाँचामा तपसिलका प्रमाण सहित सम्बन्धित वडा कार्यालयमा आवेदन दिनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) सैनामैनामा स्थायी बसोवास भएको व्यहोरा खुल्ने प्रमाण ,

(घ) यस अघि कुनै प्रकारको तालिम वा प्राविधिक शिक्षा लिएको भए सो को प्रतिलिपि ,

(ङ) पासपोर्ट साइजको फोटो २ प्रति ।

(६) उपदफा (५) बमोजिम प्राप्त आवेदनहरूमध्ये सम्बन्धित वडा समितिले छानबिन गरी आवश्यक संख्याको दोब्बर उम्मेदवार नगरपालिकामा सिफारिस गरी पठाउनेछ ।

(७) उपदफा (६) बमोजिम सिफारिस भई आएका उम्मेदवारहरूमध्ये छनौट समितिले आवश्यक संख्यामा उमेदवार छनौट गरी नगरपालिकामा सिफारिस गर्नेछ । यसरी सिफारिस गर्दा वैकल्पिक उमेदवार समेत सिफारिस गर्नु पर्नेछ ।

(८) उपदफा (६) र (७) बमोजिम उमेदवार छनौट गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि परेकालाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ ।

**१२. अध्ययन तथा तालिमको लागि सिफारिस गर्ने :** छनोट समितिबाट सिफारिस भई आएका उमेदवारहरूको एकमुष्ट नामावली तयार गरी नगरपालिकाले अध्ययन वा व्यावसायिक तालिम प्रदान गर्ने प्राविधिक शिक्षालयमा उपलब्ध गराउने छ ।

**१३. वैकल्पिक उमेदवार सिफारिस सम्बन्धी व्यवस्था :** अध्ययन तथा तालिमको लागि छनौट भई सिफारिस भएका उमेदवार मध्ये कुनै उमेदवार छनौट भए पश्चात तोकेको योग्यता र शारीरिक दुर्बलता वा असक्षमताको कारणले भर्ना हुन नसक्ने अवस्था भएमा जुन क्षेत्र वा वडाबाट निज सहभागी भएको हो सोही क्षेत्रबाट वैकल्पिकमा रहेका उमेदवारको योग्यताक्रम सूचीमध्येबाट क्रमश नगरपालिकाले पुनः सिफारिस गर्नेछ ।

**१४. छात्रवृत्ति प्रदान गरिने :**

(१) तालिम तथा अध्ययनको लागि आवश्यक रकम सेवा उपलव्ध गराउने शिक्षालयसँग भएको सम्झौता अनुसार नगर कार्यपालिकाको कार्यालयले छात्रवृत्ति कोषमा रहेको मौजदात रकमबाट सेवा प्रदायक संस्थालाई उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) अनुसार सेवा प्रदायक संस्थालाई उपलव्ध गराइने कुल रकममध्ये असी प्रतिशत नगरपालिकाले र बाँकी बीस प्रतिशत रकम सहभागी स्वयमले व्यहोर्ने गरी छात्रवृत्ति कोषमा अग्रिम रुपमा जम्मा गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक शिक्षालयबाट उपलब्ध गराइने तालिम बाहेकका तालिममा सहभागीबाट व्यहोर्ने बीस प्रतिशत रकम नगरपालिका वा अन्य संघ संस्थाबाट उपलब्ध गराइने तीन महिना सम्मको तालिमको हकमा लागु हुने छैन ।

**१५. सम्झौता गर्नुपर्ने :**

(१) यो कार्यविधि बमोजिम अध्ययन तथा तालिम दिने प्राविधिक शिक्षालय वा सेवा प्रदायक संस्था र नगरपालिका बीच यस कार्यविधि बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा यस कार्यबिधि, प्राविधिक शिक्षालय तथा सेवा प्रदायक संस्थाको नियम वा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) सेवा प्रदायक संस्थालाई एकै पटक वा किस्ताबन्दीको रुपमा उपलव्ध गराउने रकम सम्झौतामा उल्लेख गरे अनुसार हुनेछ ।

(४) सेवा प्रदायक संस्थाले अध्ययनको मासिक तथा अन्तिम प्रतिवेदन नगरपालिका समक्ष पेस गर्नेछ ।

**१६. छात्रवृत्ति कोष सम्बन्धी व्यवस्था :**

(१) दफा १४ बमोजिमको छात्रवृत्ति उपलव्ध गराउने प्रयोजनको लागि नगरपालिकामा एक छात्रवृत्ति कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू जम्मा गरिनेछ ।

(क) नगरपालिकाबाट छात्रवृत्तिको रुपमा जम्मा गरेको रकम,

(ख) तालिममा सहभागी हुने सहभागीहरूबाट प्राप्त रकम,

(ग) संघीय सरकार वा प्रदेश सरकारबाट प्राप्त रकम,

(घ) राष्ट्रिय वा अन्तराष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य संघ संस्थाहरूबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम अन्तर्राष्ट्रिय संघ संस्थाबाट रकम प्राप्त गर्दा प्रदेश सरकार मार्फत संघीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको सञ्चालन नगरपालिकाको अन्य खाता सञ्चालन भए सरह हुनेछ ।

**१७ कबुलियतनामा गर्नु पर्ने :**

(१) छनौट समितिबाट प्रशिक्षार्थी सिफारिस भए पश्चात नगरपालिकाले सेवा प्रदायक संस्थासँग सम्झौता गर्नु अघि प्रशिक्षार्थी र निजको अभिभावकसँग अनुसूची २ बमोजिमको ढाँचामा कबुलियतनामा गराउनेछ ।

(२) अध्ययन तथा तालिम अवधिमा सेवा उपलब्ध गराउने निकायको कुनै सम्पत्ति हानि नोक्सानी गरेमा, कबुलियतनामा गर्ने प्रशिक्षार्थी वा निजको अविभावकबाट असुल उपर गरिनेछ ।

**१८. प्रशिक्षार्थी भर्ना र जवाफदेहीता :**

(१) नगरपालिकाले दफा ९ अनुसार उमेदवार सिफारिस गरी भर्ना भएपछि सेवा उपलब्ध गराउने संस्थाको नियम र अनुशासनमा रही अध्ययन र तालिम लिनु पर्नेछ ।

(२) प्रशिक्षार्थीले सम्झौता पश्चात बीचमा अध्ययन छोडी गएमा नगरपालिका र सेवा सञ्चालन गर्ने संस्था वा प्राविधिक विद्यालयसँग गरेको सम्झौता अनुसारको रकम स्वयम् प्रशिक्षार्थी वा कबुलियत गर्ने निजको अभिभावकबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन वा तालिमको क्रममा गम्भीर बिरामी भएको वा चोटपटक लागेको कारणबाट वा सम्बन्धित प्रशिक्षार्थीको काबुबाहिरको परिस्थिति परी अध्ययन गर्न वा तालिम लिन नसकेको भन्ने कुरा सेवा प्रदायक संस्थाबाट सिफारिस भई आएमा वा सो कुरामा समिति सन्तुष्ट भएमा वा प्रशिक्षार्थीको मृत्यु भएमा निजले दफा १४ बमोजिम बुझाउनु पर्ने रकम समितिको सिफारिसमा नगरपालिकाले मिनाहा गर्न सक्नेछ ।

(४) सहभागीले तालिम बापत छात्रवृत्ति कोषमा जम्मा गरेको रकम फिर्ता हुने छैन ।

(५) छोटो अवधिको तालिम लिएका प्रशिक्षार्थीले चरणबद्ध रुपमा थप अध्ययन गर्न वा तालिम लिन चाहेमा थप अध्ययन वा तालिम बापतको रकमको बीस प्रतिशत रकम अग्रिम जम्मा गर्नु पर्नेछ ।

**१९. छात्रवृत्ति रद्ध गर्न सकिने :** देहाय बमोजिमको अवस्थामा व्यवस्थापन समितिको सिफारिसमा यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति नगरपालिकाले रद्द गर्न सक्नेछ ।

(क) झुठा विवरण पेस गरेको प्रमाणित भएमा,

(ख) अध्ययन पूरा नगरेमा वा अध्ययन बीचैमा छाडेमा वा अन्यत्र बसाइ सरी गएमा,

(ग) अध्ययन अवधिमा फौजदारी अभियोगमा कसुरदार ठहरिएमा ,

(घ) प्रशिक्षार्थीले पालना गर्नु पर्ने आचरण सम्बन्धी कुरा बारम्बार पालना नगरेको भनी सेवा प्रदायक संस्थाले नगरपालिकालाई लिखित जानकारी गराउँदा समेत आचरणमा सुधार नभएमा ।

**२०. नगरपालिकाको सहयोगमा प्राविधिक शिक्षा वा व्यावसायिक तालिम लिने प्रशिक्षार्थीले प्राविधिक शिक्षा वा व्यावसायिक तालिम अनुसारको काम गर्नुपर्ने :**

(१) प्राविधिक शिक्षा वा व्यावसायिक तालिम सम्पन्न गरेपछि प्राविधिक शिक्षा वा व्यावसायिक तालिम लिने व्यक्तिले दक्षता अनुसारको काम वा रोजगार अनिवार्य रुपमा गर्नु पर्नेछ र आफुले कहाँ के रोजगार वा व्यावसाय के कसरी गरेको भन्ने जानकारी नगरपालिकालाई दिनु पर्नेछ । कुनै काम नगरी नगरपालिकाको लगानी दुरुपयोग गरी बसेमा निजको घरपरिवारलाई नगरपालिकाबाट उपलब्ध गराइने सेवा सुविधाबाट वञ्चित गर्न सकिनेछ ।

**२१. रोजगारीको लागि प्राथमिकता दिनु पर्ने :** नगरपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, कलकारखाना तथा संघ संस्थाहरूलाई दक्ष जनशक्ति आवश्यकता परेमा नगरपालिकाको लगानीमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका व्यक्तिहरूलाई प्राथमिकता दिनु पर्नेछ ।

**२२. अनिवार्य सेवा गर्नुपर्ने :** यस कार्यविधि बमोजिम प्राविधिक शिक्षा वा व्यावसायिक तालिम लिएका व्यक्तिहरूले निजले प्राप्त गरेको प्राविधिक शिक्षा वा व्यावसायिक तालिमको विषयसँग सम्बन्धित सेवा नगरपालिकालाई आवश्यक परेको खण्डमा एक पटक वा पटक पटक गरी बढीमा दुई वर्ष सम्म प्रदान गर्नु पर्नेछ ।

**२३.. खारेजी र बचाउ :**

(१) यस कार्यविधिमा तोकिएको विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ र यो कार्यविधि संघीय वा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ ।

(२) यस कार्यविधिको व्याख्या नगरपालिकाले गरे बमोजिम हुनेछ ।

**अनुसूची -१**
**दफा ११ को उपदफा (५) सँग सम्बन्धित**
**निवेदनको ढाँचा**

श्रीमान् अध्यक्ष ज्यू
छात्रवृत्ति छनोट समिति
सैनामैना नगर कार्यपालिकाको कार्यालय, रूपन्देही

मिति :२०.../.../...

**विषय : अध्ययन/तालिममा सहभागी हुन पाऊँ ।**

यस कार्यालयबाट मिति ............. मा प्रकाशित सूचना अनुसार तपसिलको अध्ययन वा व्यावसायिक तालिम प्राप्त गर्नको लागि मेरो तपसिलको विवरण खुलाई पेस गर्दछु ।

१. अध्ययन वा तालिमको विवरण :

(क) अध्ययन वा तालिमको नाम :

(ख) अवधि :

२. व्यक्तिगत विवरण

(क) नामथर :

(ख) जन्म मिति :

(ग) स्थायी ठेगाना :

(घ) ना.प्र.नं. जारी मिति र जिल्ला :

(ङ) बाबुको नामथर :

(च) बाजेको नामथर :

(छ) पति/पत्नीको नामथर :

(ज) पेसा :

३. अन्य विवरण

(क) पारिवारिक वार्षिक आय :

(ख) यस अघि कुनै तालिम लिएको भए सोको विवरण :

माथि लेखिएको विवरण ठीक साँचो हो तालिमको कुल लागतको २० प्रतिशत लागत व्यहोर्ने गरी तालिम लिन मन्जुर गरी निवेदन पेस गरेको छु ।

निवेदकको दस्तखत : ..............

औंठाको छाप

| दाँया | बाँया |
|---|---|
| | |

## अनुसूची -२
## दफा १७ को उपदफा (१) सँग सम्बन्धित
## कबुलियतनामाको ढाँचा

श्री ............................... को नाति/नातिनी/बुहारी, ......................................... को छोरा/ छोरी/पत्नी यस सैनामैना नगरपालिका वडा नं. ....... बस्ने वर्ष ..... को म .......................... ....... यस नगरपालिकाको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन कार्यविधिको व्यवस्था बमोजिम .................... ............... विषयको तालिम/अध्ययन गर्न छनौट भएको हुँदा मेरो तालिमको नियमित प्रतिवेदन बुझाउनुका साथै तालिम पूरा गर्नेछु र सो तालिम पूरा गर्नासाथ नगरपालिकाले खटाएको काममा संलग्न हुन मन्जुर गर्दछु । मैले तालिमको लागि यस कार्यविधिद्वारा तोकिएको रकम छात्रवृत्ति कोषमा जम्मा गर्नेछु। यस कार्यविधिमा तोकिएको तालिम पूरा नगरेमा वा तालिम पश्चात् सेवा नगरेमा तालिम प्राप्त गर्दा लागेको खर्च रकमको दस प्रतिशतले हुने ब्याज समेत हुन आउने रकम यस नगरपालिकालाई बुझाउनेछु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मन्जुरी भएकोले यो कबुलियतनामा गरी नगरपालिका समक्ष बुझाई एक प्रति बुझिलियाँ ।

| तालिममा सहभागी हुने प्रशिक्षार्थीको तर्फबाट | सैनामैना नगर कार्यपालिकाको तर्फबाट |
|---|---|
| दस्तखत : ................ | दस्तखत : ................ |
| नामथर : | नामथर : |
| स्थायी ठेगाना : | पद : |

अध्ययन तथा तालिमको विषय

अध्ययन वा तालिममा छनौट भएको मेरो छोरो/छोरी/पत्नी ले उपरोक्त कबुलियतनामा बमोजिमको सर्त पूरा नगरी नगरपालिकालाई बुझाउनु पर्ने रकम नबुझाएमा सो बराबरको रकम र त्यसमा वार्षिक दस प्रतिशतका दरले हुन आउने ब्याज रकम समेत मेरो घरघरानाबाट असुल उपर गरेमा वा सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मन्जुरी छ यस विरुद्ध कही कतै उजुर बाजुर गर्ने छैन ।

अविभावकको तर्फबाट

दस्तखत :

नामथर :

ठेगाना :

नाता :

ना.प्र.नं. :

इति सम्वत २०... साल ........... महिना ........ गते ....... रोज ...... शुभम्

आज्ञाले

कृष्ण प्रसाद भण्डारी

प्रमाणीकरण मिति : २०७४/११/३० प्रमुख प्रशासकीय अधिकृत